प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

## कर्णाली पर्यटन बोर्ड कार्यकारी निर्देशक पदपुर्ती सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७६।११।५**

कर्णाली पर्यटन बोर्डको कार्यकारी निर्देशक पदको लागि खुला प्रतिस्पर्धा मार्फत पदपूर्ति गरिने भएकोले कर्णाली पर्यटन बोर्ड (गठन) आदेश, २०७६ तथा कर्णाली पर्यटन बोर्डको कार्यकारी निर्देशक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७६ बमोजिम देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

१. **न्यूनतम योग्यता**

क. कम्तीमा स्नातकोत्तर तह उत्तिर्ण गरी पाँच बर्ष पर्यटन क्षेत्रमा कार्यानुभव भएको।

ख. ३० वर्ष उमेर पूरा भई ५० वर्ष उमेर ननाघेको नेपाली नागरिक।

२. **दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा अन्य विवरणः**

क. नेपाली नागरिकता, शैक्षिक योग्यता, कार्यानुभव, वैयक्तिक विवरणका प्रतिलिपीहरु (स्वयंम प्रमाणित गरी) र कार्यविधिमा उल्लेखित ढाँचा बमोजिमको दरखास्त फारम, बैंक भौचर र चार (४) प्रति व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेछ।

३. दरखास्त सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र पेश गरिसक्नु पर्नेछ। पन्ध्रौ दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनमा बुझाउन सकिनेछ।

४. कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा प्रदेश सरकारको दशौ तहको अधिकृत वा सो सरह हुनेछ।

५. दरखास्त पेश गर्ने ठेगानाः कर्णाली प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुर्खेतको पर्यटन शाखामा पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्दा अनिवार्य रुपमा परीक्षा दस्तुरवापतको रु १२००।- जम्मा गरेको भौचर पेश गर्नुपर्नेछ। दरखास्त शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको राजस्व खाता नं. १०००२०००१०००० कार्यालय कोड नं. ३०७००६८०१६ तथा राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गर्नुपर्नेछ।

६. अन्य विवरणः

क. प्रस्तुतीकरणमा उपस्थित हुँदा दरखास्तसाथ पेश गरेका सम्पुर्ण कागजातको सक्कल प्रतिसाथ उपस्थित हुनुपर्नेछ।

ख. मन्त्रालयले आवश्यक ठानेमा प्रकाशित सूचना जुनसुकै वखत रद्द गर्न सक्नेछ।

ग. पेश गरेका कागजात तथा अन्य विवरण झुटो ठहरिएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

थप जानकारीको लागि यस मन्त्रालयको पर्यटन शाखा वा सम्पर्क नं. ०८३- ५२२५१४ वा ईमेल moitfe@karnali.gov.np बाट जानकारी लिन सकिनेछ।